# PRIME COMMERCIAL BANK LTD.

प्राइम कमर्सियल बैंक लिमिटेड

*Sharing Dreams Changing Lives*

*'A' class licensed financial institution from Nepal Rastra Bank*

**Unaudited Financial Results**

**As on 1st Quarter End (30.06.2068) of the Fiscal Year 2068/69**

**(Corresponding to 1st Quarter ending on 17.10.2011 of the Fiscal Year 2011/12)**

(Rs. In '000)

| S. No. | Particulars | This Quarter Ending on 30.06.2068 | Previous Quarter Ending on 32.03.2068 | Corresponding Previous Year Quarter Ending on 31.06.2067 |
|---|---|---|---|---|
| **1** | **Total Capital and Liabilities (1.1 to 1.7)** | **23,511,202.31** | **22,086,102.03** | **21,002,363.43** |
| 1.1 | Paid up Capital | 2,245,746.00 | 2,245,746.00 | 1,373,880.00 |
| 1.2 | Reserves and Surplus | 298,267.29 | 241,112.02 | 249,898.37 |
| 1.3 | Debenture and Bond | | - | |
| 1.4 | Borrowings | 141,920.00 | 213,120.00 | 1,995,880.00 |
| 1.5 | Deposits (a+b) | 20,186,573.41 | 18,938,902.91 | 17,037,277.80 |
| | a. Domestic Currency | 19,892,163.07 | 18,662,401.30 | 16,492,038.16 |
| | b. Foreign Currency | 294,410.34 | 276,501.61 | 545,239.64 |
| 1.6 | Income Tax Liability | 24,554.86 | 14,603.26 | 36,531.78 |
| 1.7 | Other Liabilities | 614,140.75 | 432,617.84 | 308,895.48 |
| **2** | **Total Assets (2.1 to 2.7)** | **23,511,202.31** | **22,086,102.03** | **21,002,363.43** |
| 2.1 | Cash and Bank Balance | 4,440,974.49 | 2,925,824.73 | 3,118,093.41 |
| 2.2 | Money at Call and Short Notice | 324,868.08 | 604,869.37 | - |
| 2.3 | Investments | 921,957.38 | 1,366,045.94 | 1,861,623.34 |
| 2.4 | Loans and Advances (a+b+c+d+e+f) (Net) | 17,343,798.70 | 16,894,719.02 | 15,628,016.14 |
| | a. Real Estate Loan | 3,954,733.94 | 3,909,416.56 | 3,829,014.49 |
| | 1. Residential Home Loan (other than Personal Residential Home Loan upto Rs. 80 lakhs) | 485,404.96 | 516,927.73 | 509,158.56 |
| | 2. Business Complex and Residential Apartment Construction Loan | 719,413.40 | 719,490.24 | 622,148.57 |
| | 3. Income Generating Commercial Complex Loan | 718,056.48 | 635,084.00 | 729,177.17 |
| | 4. Other Real Estate Loan (including Land Purchase and Plotting) | - 2,031,859.10 | 2,037,914.59 | 1,968,530.19 |
| | b. Personal Residential Home Loan upto Rs. 80 lakhs | 570,976.68 | 568,036.30 | 620,372.20 |
| | c. Margin Type Loan | 692,422.61 | 715,846.39 | 874,525.64 |
| | d. Term Loan | 2,422,797.58 | 2,304,366.31 | 2,307,795.78 |
| | e. Overdraft Loan/ TR Loan/ WC Loan | 5,481,083.09 | 5,198,632.59 | 5,160,341.05 |
| | f. Others | 4,221,784.80 | 4,198,420.87 | 2,835,966.98 |
| 2.5 | Fixed Assets | 201,514.95 | 180,785.62 | 157,421.64 |
| 2.6 | Non Banking Assets | - | - | - |
| 2.7 | Other Assets | 278,088.71 | 113,857.35 | 237,208.90 |
| **3** | **Profit and Loss Account** | **Up to This Quarter** | **Up to Previous Quarter** | **Upto Corresponding Previous Year Quarter** |
| 3.1 | Interest Income | 642,213.40 | 2,477,092.83 | 574,922.82 |
| 3.2 | Interest Expense | 508,187.64 | 1,780,463.32 | 422,148.36 |
| | **A. Net Interest Income (3.1 - 3.2)** | **134,025.76** | **696,629.51** | **152,774.46** |
| 3.3 | Fees, Commission and Discount | 12,812.21 | 46,341.24 | 6,942.09 |
| 3.4 | Other Operating Income | 22,190.01 | 105,374.76 | 29,034.68 |
| 3.5 | Foreign Exchange Gain/Loss (Net) | 5,780.59 | 15,471.03 | 6,826.45 |
| | **B. Total Operating Income (A+3.3+3.4+3.5)** | **174,808.57** | **863,816.54** | **195,577.68** |
| 3.6 | Staff Expenses | 22,846.51 | 81,013.22 | 18,134.75 |
| 3.7 | Other Operating Expenses | 37,475.29 | 152,027.19 | 26,508.23 |
| | **C. Operating Profit Before Provision (B -3.6 - 3.7)** | **114,486.77** | **630,776.13** | **150,934.70** |
| 3.8 | Provision for Possible Losses | 24,452.28 | 61,413.56 | 16,984.84 |
| | **D. Operating Profit (C -3.8)** | **90,034.49** | **569,362.57** | **133,949.86** |
| 3.9 | Non Operating Income/Expenses (Net) | - | - | - |
| 3.10 | Write Back of Provision for Possible Loss | - | - | - |
| | **E. Profit from Regular Activities (D+3.9+3.10)** | **90,034.49** | **569,362.57** | **133,949.86** |
| 3.11 | Extraordinary Income/Expenses (Net) | - | - | - |
| | **F. Profit before Bonus and Taxes (E +3.11)** | **90,034.49** | **569,362.57** | **133,949.86** |
| 3.12 | Provision for Staff Bonus | 8,184.95 | 51,760.23 | 12,177.26 |
| 3.13 | Provision for Tax | 24,554.86 | 157,462.31 | 36,531.78 |
| | **G. Net Profit/Loss (F - 3.12 - 3.13)** | **57,294.68** | **360,140.03** | **85,240.82** |
| **4** | **Ratios** | **At the End of This Quarter** | **At the End of Previous Quarter** | **At the End of Corresponding Previous Year Quarter** |
| 4.1 | Capital Fund to RWA | 14.04% | 13.66% | 10.44% |
| 4.2 | Non Performing Loan (NPL) to Total Loan | 0.77% | 0.57% | 0.19% |
| 4.3 | Total Loan Loss Provision to Total NPL | 178.01% | 223.74% | 576.60% |
| 4.4 | Cost of Funds | 10.56% | 9.77% | 9.68% |
| 4.5 | Credit to Deposit Ratio (As per NRB Directive) | 78.37% | 80.91% | 87.22% |
| | **Additional Information** | | | |
| A | Average Yield | 14.30% | 13.58% | 13.46% |
| B | Net Interest Spread | 3.12% | 3.24% | 3.23% |
| C | Return on Equity | 9.11% | 17.89% | 21.57% |
| D | Return on Assets | 1.01% | 1.70% | 1.65% |
| E | Real Estate Loan to Total Loan | 22.78% | 23.11% | 24.57% |

**Note:** 1. Figures are regrouped/ rearranged wherever necessary.

2. The above figures are subject to change upon otherwise instructions from statutory auditor and regulatory authorities.

**UP COMING BRANCHES**

• Taplejung Branch • Birtamod Branch • Birgunj Branch • Nepalgunj Branch

• Gorkha Branch • Battar Branch • Samakhushi Branch • Extension Counter Pokhara

**SWIFT: PCBLNPKA**

**Website: www.primebank.com.np**

**PRiME BANK LTD.** (COMMERCIAL)
प्राइम कमर्सियल बैंक लिमिटेड

*Sharing Dreams Changing Lives*

*'A' class licensed financial institution from Nepal Rastra Bank*

**धितोपत्र दर्ता तथा निष्काशन नियमावली, २०६५ को अनुसूची - १४**
**(नियम २२ को उपनियम (२) सँग सम्बन्धित )**
**आ. व. २०६८/६९**
**को**

# प्रथम त्रैमासिक प्रतिवेदन

**१. वित्तीय विवरण**

(क) वासलात तथा नाफा नोक्सान सम्बन्धी विवरण यसै साथ प्रकाशित छ ।

(ख) प्रमुख वित्तीय अनुपातहरु

| | | | |
|---|---|---|---|
| प्रति शेयर आम्दानी | रु. १०.२१ (वार्षिक) | मुल्य आम्दानी अनुपात : | १९.५९ |
| प्रतिशेयर नेटवर्थ | रु. ११३.२८ | तरलता अनुपात : | २९.०६ % |

**२. व्यवस्थापकीय विश्लेषण**

(क) बिगत लामो समयदेखि तरलताको संकटबाट गुज्रिरहेको देशको वित्तीय क्षेत्रले यस त्रैमासमा देखिएको तरलता सुधारबाट केही राहतको महशुस गरेको छ र यही तरलताको सुधारसँगै बैंकको निक्षेपमा पनि बृद्धि भएको छ । यस त्रैमासमा निक्षेपको लागत बढ्नु, लगानीका क्षेत्रहरु सिमित भई तरलताको उचित उपयोग नहुनु एवं विभिन्न व्यवसायमा देखिएको मन्दीका कारण गैह्र संचालन आम्दानीमा समेत कमी हुनुले बैंकको पहिलो त्रैमासको नाफा केही मात्रामा घट्न गएको छ ।

(ख) व्यवसायिक योजनाको विकास, न्यून जोखिम भएका लगानीका क्षेत्रहरुको पहिचान, व्यवसायिक संजालमा वृद्धी, व्यवसाय विविधीकरण तथा ग्राहकमुखी गुणस्तरीय सेवा प्रदान गर्ने उद्देश्य सहित बैंकले आफ्नो योजना तर्जुमा गरेको छ । बैकिङ्ग सेवा सुलभ ढंगले बढी भन्दा बढी ग्राहकहरु समक्ष विस्तार गर्ने यस बैकको उद्देश्य अनुरुप यही आर्थिक वर्षभित्र कम्तीमा थप आठ (८) वटा शाखाहरु खोल्ने बैंकको योजना रहेको छ ।

(ग) यस बैंकको नगद मौज्दात, नाफा वा नगद प्रवाहमा तात्विक असर पार्न सक्ने घटना, अवस्था आदि समीक्षा अवधिमा पाइएको छैन ।

**३. कानुनी कारवाही सम्बन्धी विवरण**

(क) यस त्रैमासिक अवधिमा बैंकले कसैको बिरुद्ध कुनै पनि मुद्दा दायर नगरेको अवस्था छ । बैंकको बिरुद्धमा ५ वटा बिभिन्न मुद्दा दायर भएकोमा सो उपर कानूनी प्रकृया अगाडी बढाईसकेको छ ।

(ख) समिक्षा अवधिमा बैंकको संस्थापक वा संचालक वा संचालकको बिरुद्धमा प्रचलित नियमको अवज्ञा वा फौज्दारी अपराध गरेको सम्बन्धमा कुनै मुद्दा दायर नभएको ।

(ग) संस्थापक हिम बहादुर गुरुङ्ग (०.१३% शेयर होल्डिङग) बिरुद्ध सम्भना फाइनान्समा आर्थिक अनियमितता गरेकोमा कारवाही जारी रहेको र यस बाहेक समिक्षा अवधिमा कुनै संस्थापक र संचालक बिरुद्धमा आर्थिक अपराध गरेको सम्वन्धमा कुनै मुद्दा दायर नभएको ।

**४. संगठित संस्थाको शेयर कारोवार सम्बन्धी विश्लेषण**

(क) शेयर कारोवारमा हुने उतार चढाव खुल्ला बजारले प्रतिपादित गरेको मूल्य तथा मान्यता अनुरुप हुने गरेको ।

(ख) यस त्रैमासिक अवधिको शेयरको अधिकतम्, न्यूनतम्, अन्तिम मूल्य कारोवार भएको कुल दिन तथा कारोवार संख्या ।

| | | | |
|---|---|---|---|
| अधिकतम् मूल्य | रु. २५५ | न्यूनतम् मूल्य | रु. १८५ |
| अन्तिम मूल्य | रु. २०० | कारोवार संख्या | १८८,८९१ |
| कारोवार दिन | ५६ | | |

**५. समस्या तथा चुनौतीहरु**

आन्तरिक समस्या र चुनौती

१. लगानीका क्षेत्रहरु सिमित हुनु ।
२. उपलब्ध निक्षेपलाई नाफामूखि बनाउने अवसरहरु संकुचित हुनु ।
३. बैकको व्यवसाय बिस्तारमा दक्ष जनशक्तिको कमि ।

बाह्य समस्या र चुनौती

१. वित्तीय बजारमा तरलताको दीगोपना ।
२. बैंकीङ्ग क्षेत्रमा बढ्दो प्रतिस्पर्धा ।
३. अस्थिर राजनैतिक वातावरण ।
४. घर जग्गा कारोबार एवं अन्य विभिन्न व्यवसायमा देखिएको मन्दी ।

**रणनीति**

वित्तीय क्षेत्रमा निक्षेपको संकलनमा केही सुधारका लक्षणहरु देखापरिरहेको परिप्रेक्षमा बैंकले सर्बसाधारणहरुको निक्षेप संकलनमा जोड दिई संस्थागत निक्षेपहरु क्रमशः कम गर्दै जाने नीति अख्तियार गरेको छ । निक्षेप लागतमा कमी गर्न शाखा विस्तारलाई निरन्तरता दिदै ग्राहकहरुको संख्यात्मक एवं गुणात्मक बृद्धिमा बिशेष जोड दिने नीतिलाई कायमै गरेको छ । बैंकले आफ्नो व्यवसाय बिस्तारकोलागि आवश्यक दक्ष जनशक्तिकोलागि पारदर्शी ढंगबाट कर्मचारी छनौट, नियुक्ति एवं समयानुकुल तालिम प्रदान गर्दै बृत्ती बिकास गर्दै आएको छ । बैंकमा उपलब्ध तरलतालाई नाफायोग्य क्षेत्रको पहिचान गरी लगानी गर्न बिशेष जोड दिईनेछ ।

बैकिङ्ग क्षेत्रमा देखिएको प्रतिस्पर्धा तथा घर/जग्गा एवं शेयर कारोवारहरुमा आएको शिथिलताले बैकिङ्ग क्षेत्र चुनौतिपूर्ण हुने अवस्थालाई हृदयङ्गगम् गरी बैंकले कर्जा जोखिम न्यूनीकरण गर्न समय सापेक्ष विभिन्न रणनीतिहरु अबलम्बन गर्नेछ । आधुनिक तथा नबिनतम बैकिङ्ग उपकरणहरु तर्जुमा गरी सोही अनुसार आफ्नो क्रियाकलापहरुमा बिबिधिकरण गर्दै गैह्र कोषमा आधारित बैकिङ्ग व्यवसाय, बिदेशी मुद्रा बिनिमयसंग सम्बन्धित अर्न्तराष्ट्रिय क्रियाकलापहरुमा उल्लेख्य बृद्धि गर्दै अन्य आम्दानीको नयाँ श्रोतको पहिचान गरी अन्य आम्दानीको क्षेत्रलाई उल्लेखनीय रुपमा बृद्धि गर्दैजाने नीति अबलम्बन गरिने छ । सम्पत्ति तथा दायित्व व्यबस्थापनमा बैंकले उच्च प्राथमिकता दिई ट्रेजरी बिल, सरकारी ऋणपत्रहरु एवं सुरक्षित अल्पकालीन लगानीमा समेत ध्यान दिइनेछ । सहबित्तीयकरण लगानी अन्तर्गत विगतमा बिभिन्न परियोजनाहरुको अगुवाई गरेको अनुभव तथा सम्बन्धित क्षेत्रको बिषेशज्ञताको आधारमा आगामी बर्षहरुमा थप परियोजनाहरुको नेतृत्व गर्दै जाने नीतिलाई निरन्तरता दिइने छ ।

**६. संस्थागत सुशासन**

बैकिङ्ग व्यवसायले सर्वसाधारण जनताको निक्षेप संकलन गरी आफ्नो व्यवसाय संचालन गर्ने भएकोले संस्थागत सुशासनलाई बैंकले उच्च प्राथमिकताका दिदै कडाईका साथ लागु गर्दै आएको छ । नेपाल राष्ट्र बैंकबाट जारी निर्देशनहरु एवं बैंकको संचालक समितिबाट पारित नीति, नियमहरुलाई यस बैंकले अक्षरश पालना गर्दै आएको छ । बैंकमा स्थापित आन्तरिक लेखापरीक्षण समितिको भूमिका प्रभावकारी बनाउन समय-समयमा बैठक बसी आन्तरिक लेखापरीक्षण प्रतिवेदन एवं बैंकमा स्थापित आन्तरिक नियन्त्रण प्रणालीको समय सापेक्ष पुनरावलोकन गर्ने गरिएको छ ।

**७. सत्य, तथ्य सम्बन्धमा कार्यकारी प्रमुखको उद्घोषण**

आजका मितिसम्म यस प्रतिवेदनमा उल्लेखित जानकारी तथा विवरणहरुको शुद्धताका सम्बन्धमा म व्यक्तिगत रुपमा उत्तरदायित्व लिन्छु । साथै म यो उद्घोष गर्दछु की मैले जाने बुझेसम्म यस प्रतिवेदनमा उल्लेखित विवरणहरु सत्य, तथ्य र पूर्ण छन् र लगानीकर्ताहरुलाई सूसुचित गराउन तत् सम्बन्धमा निर्णय लिन आवश्यक कुनै विवरण, सूचना तथा जानकारीहरु लुकाइएको छैन ।

**BRANCHES:**

• New Road 4233388 • Pokhara 061-531968 • Bharatpur 056-533240/41 • Dharan 025-533049/50 • Patan 5004037/38 • Balaju 4354181 • Sindhuli 047-520632
• Jorpati 4913388/89 • Ason 4222678 • Manakamana 064-460203/04 • Kawasoti 078-540996/97 • Itahari 025-587310/11 • Jiri 99-3491043 • Gatthaghar 6635112/51
• Sorhakhutte 4388834/35 • Old Baneshwor 4475245/46 • Panauti 011-441204/05 • Kalimati 4283502/35 • Bagbazar 4252260/29 • Koteshwor 4601166/67
• Mangalbazar 5553915/16 • Biratnagar 021-440962/63 • New Baneshwor 4490480 • Bhairahawa 071-521081/82

**SWIFT: PCBLNPKA** **Website: www.primebank.com.np**